# नेपाल नागरिक उड्डयन प्राधिकरण
# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
# गौचरको
# शिलवन्दी बोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०७९।०१।१५)

सूचना नं. १०

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको एयर कार्गो कम्प्लेक्स परिसरमा हाल क्यान्टिन सञ्चालन भैरहेको टहरा रहेको स्थानमा ५२ वर्गमीटर क्षेत्रफलमा त्रि.अ.वि.मा कार्यरत कर्मचारी एवं अन्य Visitors को लागि चिया, नास्ता एवं खानाको प्रवन्ध गर्न Public Canteen सञ्चालन गर्न ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले नेपाल सरकारको सम्वन्धित निकायवाट चमेना गृह/ होटल/रेष्टुरेण्ट व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त गरेका इच्छुक फर्म वा कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनको कार्यालय समय भित्र यस कार्यालयवाट बिक्री भएको बोलपत्र फाराम भरी ३१ (एकतीस) औं दिनको १२:०० बजे भित्र पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरु</u>**

१. यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनभित्र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, गौचर शाखामा रहेको यस कार्यालयको राजस्व खाता हि. नं. १६९०१००००००११००६ मा मूल्य अभिबृद्धि कर बाहेक रु.१,०००।- (अक्षरेपी: एक हजार मात्र) जम्मा गरी (पछी फिर्ता नहुने) सो को सक्कल भौचर यस कार्यालयको राजस्व शाखामा पेश गरी प्राप्त रसिद *(Tax Invoice)*, नविकरण सहितको फर्म दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मू.अ.क. दर्ता प्रमाण पत्र सहित निवेदन पेस गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२. ठेक्का अवधि ३ बर्षको हुनेछ । उक्त ३ बर्ष अवधिको न्युनतम ठेक अंक रु. १७,५९,५२४।- (अक्षरेपी: सत्र लाख उनान्साठी हजार पाँच सय चौबीस रुपैयाँ) कायम गरिएको छ ।

३. बोलपत्रसाथ रजिस्टर्ड फर्म वा कम्पनीको फर्म दर्ता प्रमाण-पत्र (नवीकरण सहित), सम्बन्धित निकायवाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, *VAT/PAN* दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपी, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्बन्धमा सजायँ नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको घोषणा पत्र पेस गर्नुपर्ने छ ।

४. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति हिस्सेदार भएको फर्म वा कम्पनीले सो बक्यौता फछ्र्यौट नगरेको अवस्थामा त्यस्ता फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

५. बोलपत्रसाथ आफूले कवोल गरेको वहाल रकमको ५% ले हुने रकम यस कार्यालयको रा.वा.वैंक गौचर शाखामा रहेको धरौटी हि.नं १६९०१०००००००७०००१ मा जम्मा गरेको सक्कल भौचर वा सो बराबर रकमको यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी भएको ६ महिना अवधि भएको बैंक ग्यारेन्टी (*Bid Bond*) बोलपत्र साथ पेस गर्नु पर्नेछ ।

६. बोलपत्र फारम यो सूचना प्रकाशित मितिले ३० (तीस) औं दिनको कार्यालय समय भित्र खरिद गरी ३१ (एकतीस) औं दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरी सक्नु पर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो दिन बोलपत्रदाताको तर्फवाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिने छ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि.अ.वि.ना.उ.कार्यालय, गौचरलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रीत नपुगी वा म्याद नाघि वा शर्त राखि आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए अनुसार हुनेछ ।

१२. यसमा नपरेका अन्य कुराहरु प्रचलित नियमानुसार हुनेछ।

१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ।